आज मिति २०८२।०९।०६ गतेका दिन बिहान ११:०० बजे यस कोटहीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउंपालिका अध्यक्ष **श्री बालकृष्ण त्रिपाठी ज्यँको** अध्यक्षतामा देहाय बमोजिमको उपस्थितीमा बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न निर्णयहरु गरियो ।

**उपस्थिती**

| पदाधिकारी/कर्मचारीहरुको नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री बालकृष्ण त्रिपाठी | गा.पा अध्यक्ष | |
| श्री सुशिला कुमारी यादव | गा.पा उपाध्यक्ष | |
| श्री राजेश गुप्ता | १ न. वडा अध्यक्ष | |
| श्री अमरनाथ यादव | २ न. वडा अध्यक्ष | |
| श्री विष्णु नारायण पान्डेय | ३ न. वडा अध्यक्ष | |
| श्री बेचुराम पाल | ४ न. वडा अध्यक्ष | |
| श्री संजय कुमार सैनी | ५ न. वडा अध्यक्ष | |
| श्री विनोद यादव | ६ न. वडा अध्यक्ष | |
| श्री पवन कुमार यादव | ७ न. वडा अध्यक्ष | |
| श्री प्रेमशिला हरिजन | कार्यपालिका सदस्य | |
| श्री मालती चमार | कार्यपालिका सदस्य | |
| श्री दुर्गावती हरिजन | कार्यपालिका सदस्य | |
| श्री भुजैंता पासी | कार्यपालिका सदस्य | |
| श्री रामप्रसाद लोध | कार्यपालिका सदस्य | |
| श्री रविन्द्र प्रसाद बढई | कार्यपालिका सदस्य | |
| श्री अजय मिश्र | प्रमुख प्रशासकीय अधिकृत | |

| | | |
|---|---|---|
| श्री निरन्जन ज्ञवाली | लेखा अधिकृत | |
| श्री नवराज भन्डारी | इन्जिनियर | |
| श्री राजन चौरसिया | सुचना प्रबिधि अधिकृत | |
| श्री अमृता बुढाथोकी | शिक्षा अधिकृत | |
| श्री हंशराज चौधरी | सहायक प्रशासकीय अधिकृत | |
| श्री अजय सिंह क्षेत्री | वास संयोजक | |
| श्री सनोज कुमार चौधरी | कम्प्युटर अपरेटर | |

निर्णय नं. १ : कोटहीमाई गाउपालिका अन्तर्गत वडा न. ५ स्थित मर्चवार आदर्श बहुमुखी क्याम्पस यस क्षेत्रको एकमात्र उच्च शैक्षिक धरोहर मर्चवार आदर्श बहुमुखी क्याम्पसको स्तरोन्नति र शैक्षिक गुणस्तर सुधारका लागि, कार्यपालिका र वडाहरूको बजेट सीमाभित्र रही आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो। उक्त सहयोग रकम क्याम्पसले अनिवार्य रूपमा शैक्षिक पूर्वाधार, क्याम्पस संचलानार्थ र क्षयकोषमा खर्च गर्नुपर्ने र खर्चको सार्वजनिक लेखापरीक्षण प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्ने छ ।यसका अतिरिक्त विद्याथीहरुको क्षमता विकासमा कार्यमा पनि आर्थिक सहयोग दिन सकिने गरि निर्णय गरियो।

निर्णय नं. २ : कोटहीमाई गाउपालिका क्षेत्रभित्र रहेका हेमोफिलियाका बिरामीहरूको जीवन रक्षा र सहज उपचारका लागि आवश्यक पर्ने एन्टी-हेमोफिलिक फ्याक्टर (भ्याक्सिन) स्थानीय स्तरमा खरिद गर्न प्राविधिक र आर्थिक हिसाबले जटिल भएकोले, उक्त भ्याक्सिन निःशुल्क वा अनुदानमा उपलब्ध गराइदिन लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय समक्ष माग गर्ने निर्णय गरियो। यसको समन्वयका लागि स्वास्थ्य शाखा प्रमुखलाई जिम्मेवारी दिने।

अजय सिंह
प्रमुख प्रशासकीय अधिकृत

बाल कृष्ण त्रिपाठी
अध्यक्ष